ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

# सांस्कृतिक पर्यटनको विकासमा सङ्गीतकलाको भुमिका: नेपालको सन्दर्भमा

कृष्णकुमार खरेल#*
#Asst. Prof., Fine Arts Campus, Tribhuvan University.
*Corresponding Author: kharelkrishna652@gmail.com

Citation: खरेल, कृष्णकुमार (2025). सांस्कृतिक पर्यटनको विकासमा सङ्गीतकलाको भुमिका: नेपालको सन्दर्भमा. *Journal of Fine Arts Campus*, 6(1). 59-67. https://doi.org/10.3126/jfac.v6i1.76091

**लेखसारः**

संस्कृति र परम्पराको निरन्तरताका लागी सङ्गीतले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । संस्कृतिलाई अझ समृद्ध तुल्याउन मौलिक तथा परम्परागत कलाहरुका साथमा सङ्गीतको समन्वयबाट टेवा पुग्दछ । नेपाली संस्कृति समृद्ध भएका कारण यस राष्ट्रमा सांस्कृतिक पर्यटनको विकासमा प्रशस्त सम्भावनाहरू रहेका छन् । नेपाली सांस्कृतिक कलाहरुको मौलिकतामा आँच नआउने गरी व्यवस्थित तवरबाट व्यावसायिकतामा ढाल्न सकेको खण्डमा नेपाललाई सांस्कृतिक पर्यटनको केन्द्रका रुपमा विकास गर्न सकिन्छ । यस प्रकार सांस्कृतिक पर्यटनको प्रवर्धनबाट विश्व पर्यटनका क्षेत्रमा आकर्षक पर्यटकीय वस्तुहरुको निर्माण गर्न सकिन्छ । सांस्कृतिक पर्यटनलाई दिर्घकालिन उद्योगको रुपमा अंगालेको खण्डमा नेपालको पर्यटन क्षेत्रको विकासका साथै सांस्कृतिक निरन्तरता, सामाजिक एकता र कृषि क्षेत्रको दिर्घकालिन विकासका लागी पनि महत्वपूर्ण सावित हुन सक्छ भन्ने प्राक्कल्पनाका आधारमा यो लेख तयार पारिएको छ । सांस्कृतिक कलाहरुको साथमा सङ्गीतको समन्वयबाट उत्पन्न हुने प्रभावबाट पर्यटकीय तत्वहरुको निमार्ण गरी कसरी धेरैभन्दा धेरै पर्यटकहरुलाई आर्कषित गर्न सकिन्छ ? साँस्कृतिक पर्यटनको विकासबाट सङ्गीत तथा अन्य सांस्कृतिक कलाहरुको निरन्तरता र विकासमा कसरी, कस्तो योगदान पुग्छ ? यसबाट देशको आर्थिक सांस्कृतिक तथा सामाजिक क्षेत्रमा कस्तो प्रभाव पर्छ आदिको अनुसन्धान नै यस लेखको मुख्य उद्देश्य रहेको छ । लेखमा सङ्गीत, संस्कृति र पर्यटनको अन्तर्सम्बन्धलाई विश्लेषण गरी सांस्कृतिक पर्यटनको सम्भावनालाई उजागर गर्ने प्रयास गरिएको छ । द्वितीयक श्रोत एवम् स्थलगत अध्यनको आधारमा विश्लेषणात्मक विधिमा प्रस्तुत लेख तयार पारिएको छ ।

**शब्दकुञ्जीः-** सङ्गीत, संस्कृति, सांस्कृतिक पर्यटन ।

## विषयप्रवेश

पर्यटन र सङ्गीत एक अर्कामा घनिष्ट सम्बन्ध भएका दुइ ठुला क्षेत्रहरु हुन् । यी दुई क्षेत्रहरूको सम्बन्ध संस्कृतिसँग पनि घनिष्ट रुपमा जोडीएको हुन्छ । पर्यटन क्षेत्रलाई दिर्घकालिन उद्योगका रुपमा अंगालेका संसारका विकसित राष्ट्रहरुमा पर्यटनको विकासका लागि सङ्गीतकलाको प्रयोग गरिएको पाइन्छ । जहाँ पर्यटन क्षेत्रले राम्रो विकास गरेको छ, त्यहाँ सङ्गीत सहित अन्य कला क्षेत्रले पनि राम्रो विकास गरेको पाइन्छ । संसारमा सङ्गीतकलाको व्यावसायिक रुपान्तरण र पर्यटन क्षेत्रको औधोगिक सुरुवात पनि एउटै समय र स्थानबाट सुरुवात भएको पाइन्छ । विश्व पर्यटनको इतिहासलाई आधार मान्ने हो भने आजसम्म लोपोन्मुख अवस्थामा भएपनि यस राष्ट्रमा सांस्कृतिक पर्यटनका लागि प्रमुख खजानाका रुपमा विभिन्न जात-जातिका, अलग-अलग सांस्कृतिक सम्पदाहरु छन् । गुरुङ्ग जातिको रोधी बस्ने परम्परा, क्षेत्री बाहुनको सङ्गिनी नृत्य, लिम्बुहरुको धान नाचको परम्परा उदाहरणहरूको रुपमा उल्लेख गर्न सकिन्छ । यसकासाथै विभिन्न जात जातिले अलग अलग अलग समयमा मनाउने चाड, पर्व, उत्सवहरु तथा राष्ट्रीय पर्वहरु भजन खलःको परम्परा संस्कृतिक सम्पदाहरूका केहि उदाहरण हुन् । जसको जिवन्तता र निरन्तरताको लागि सङ्गीतकलाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ ।

नेपालको मौलिक संस्कृति भित्र रहेका विभिन्न कलाहरूमा सङ्गीतको प्रयोग उचित तवरबाट हुन सकेमा सांस्कृतिक पर्यटनको अभिवृद्धी हुने सम्भावना देखिन्छ । बाह्य तथा आन्तरिक पर्यटकहरूलाई आकर्षण गर्नका लागि पर्यटकीय स्थलहरूमा त्यहाँको मौलिक संस्कृति र सङ्गीतको प्रयोग गरिनु पर्दछ । यस प्रकारको सांस्कृतिक पर्यटनको अवलम्वनले हाम्रा सांस्कृतिक सम्पदाहरुले जिवन्त निरन्तरता पाउने छन् । त्यसकासाथै सांस्कृतिक पर्यटनको


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

अभिवृद्धिका लागि नेपालका मौलिक कलाहरूको उपयोग व्यवसायिक रुपमा गर्न सकिन्छ । जसबाट देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रकासाथै पर्यटन क्षेत्रको विकासमा पनि अत्यन्त महत्वपूर्ण योगदान पुर्याउन सक्ने देखिन्छ । सांस्कृतिक पर्यटनलाइ बुझ्न सङ्गीत, संस्कृति र पर्यटनको अन्तर्सम्बन्ध सांस्कृतिक पर्यटनमा कसरी एकआपसमा सम्बन्धित रहेका छन् भन्ने बुझ्नु नितान्त आवश्यक रहेको हुन्छ । त्यसकासाथै सांस्कृतिक पर्यटनमा सङ्गीतको भूमिका संस्कृति भित्रका कलाहरुको व्यवस्थित प्रयोग बारेमा पनि ज्ञान हुनु पर्दछ । मौलिक संस्कृति भित्रका कलाहरुमा सङ्गीतको उपयोगबाट उत्पन्न हुने प्रभाव आदि विषयमा साङ्गोपाङ्गो जानकारी पश्चात् सांस्कृतिक पर्यटनको प्रर्वधन गर्न सकिन्छ। संस्कृति तथा पर्यटनको अन्तर्सम्वन्धबाट सामाजमा कस्तो प्रभाव परेको हुन्छ भन्ने जानकारीका लागि सङ्गीत, संस्कृति तथा पर्यटनको समुच्चय स्वरूप सांस्कृतिक पर्यटन बारे जानकारी हुनुपर्दछ ।

**सङ्गीत**

सङ्गीतको उत्पत्तिका बारेमा अनेक मतहरू रहेका छन् । पूर्वीय संस्कृतिमा सङ्गीतको उत्पत्ति सामवेदबाट भएको मानिन्छ । ब्रम्हाको चार मुखबाट ऋग, यजु, अथर्व र सामवेदको उत्पत्ति भएको मानिएको छ । चार वेदमध्ये सामवेदमा गायन गर्न सकिने ऋचाहरूको सङ्कलन मानिएको छ । सामवेद गायनमा उदात्त, अनुदात्त एवम् स्वरितको प्रयोग हुने गर्दछ । वर्तमान समयमा प्रयोगमा रहेको सङ्गीतमा उपयोग गरिने सात स्वर (सा, रे, ग, म, प, ध, नि) हरू उदात्त, अनुदात्त एवम् स्वरितबाट नै विकास भएको मानिएको छ (जौहरी, सन् २००३, पृ.१) । सङ्गीत प्राचीनसमयबाट नै मानव सभ्यताको अभिन्न अंगको रुपमा रहेको कला हो । यसले मानिसको जन्मदेखि मृत्युसम्मका विविध कृयाहरुसँग भावनात्मक सम्बन्ध राख्दछ । सङ्गीत मानव हृदयलाई चाँडै प्रभावित गर्न सक्ने विशेष गुण भएको कला हो (Regmi, 2015) । शास्त्रकारहरूले सङ्गीतलाई गायन, वादन र नृत्यको सम्मिश्रण हो भनेर परिभाषित गरेका छन् । यस कलामा गायन, वादन र नृत्य मार्फत् मानव हृदयका भावहरुलाई व्यक्त गर्ने गरिन्छ । नेपालका जातजाती र उनीहरुको संस्कृतिको अलग-अलग पहिचान निर्माणमा सङ्गीतको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । परम्परा र संस्कृतिलाई निरन्तरता प्रदान गर्ने महत्पूर्ण तत्वका रुपमा सङ्गीत रहेको हुनाले मानव जीवनमा सङ्गीत अपरिहार्य रहेको छ भन्न सकिन्छ ।

**संस्कृति**

मानव समाजमा पुस्तौं अघिबाट चली आएका चलन, रीति रिवाजलाई नै संस्कृति भनिन्छ ।संस्कृति शब्दले मानव समाजको सिंगो चरित्रलाई उजागर गर्ने भएकाले यसले धेरै ठुलो अर्थ बोकेको देखिन्छ । समाजशास्त्रीहरुले संस्कृतिको अनेक परिभाषा गरेका छन् । *"संस्कृतिको व्यापक अर्थ लगाउदा संस्कृति अर्न्तगत मानवले आर्जन गरेका ति समस्त कुरा आउछन्, जुन कुरा उसले आफ्नो वंश-परम्परा वा सामाजिक परम्पराबाट प्राप्त गर्दछ । मानव सामुहिक जीवन व्यतित गर्ने प्राणी हो । यस्तो जीवनशैलीको निर्माणमा सामुहिक विश्वास, परम्परा, मान्यता र मुल्यहरुले संस्कारको रुप लिन्छन् । हाम्रो धर्म, दर्शन, चिन्तन, आस्था, शिल्प, कला, सङ्गीत, नृत्य, आध्यात्मिक साधना, उपासना, चाडपर्व र रचनात्मक आन्दोलन आदि जोमानिसका दैनिक जीवनसंग सम्वद्ध छन् ति सबै कुराहरु संस्कृति भित्र पर्दछन्"* (दाहाल, २०५४, पृ. ८९-९०) । साधारण अर्थमा भन्ने हो भने, मानव समाजमा प्राचीन समयबाट चलिआएका सम्पुर्ण कृयाकलापहरु पीढी, दर पीढी हुँदै परम्पराको रुपमासमाजको जिवन जिउने रीति-थीति बन्दछ त्यसलाई नै सम्बन्धित समाजको संस्कृतिको रुपमा बुझिन्छ ।

संस्कृतिको सम्वन्धमा भारतीय विद्वान् दिनकरले पनि आफ्नो विचार संस्कृति जुन मानव जीवनमा व्याप्त गुण हो, जुन मानव स्वभावमा फूलमा सुगन्ध जस्तैगरी व्याप्त छ । यो एउटा जातीगत गुण हो यसको निर्माणमा युगौं-युगको समय लाग्ने गर्दछ । राष्ट्रको संस्कृतिसमाजको आत्मामा बसेको हुन्छ । समाजमा संस्कृति प्रतिको गहिरो आस्था रहने भएका कारण परिवर्तनलाई सहज रुपमा स्विकार गर्न सकिदैन । संस्कृति निर्माणमा पिढी-दर पिढी चल्दै आएका नैतिक, मानसिक, धार्मिक, आध्यात्मिक, दार्शनिक, सामाजिक आर्दशजस्ता तत्वहरू समावेस भएको पाइन्छ भनेका छन् (जौहरी, सन् २००३, पृ.२६) । संस्कृति र यसको निर्माणमा विभिन्न विद्वानहरूने उल्लेख गरिएका तथ्यहरूका आधारमा


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

सदियौँदेखि मानव जातीले जीवन पद्धतीलाई एउटा प्रमुख व्यवस्थित बनाउनका लागी आध्यात्मिक चिन्तन र कलात्मक सृजनालाई अँगाल्दै आएको परम्परागत मुल्य मान्यताहरुबाट नै संस्कृतिको निर्माण हुनुका साथै परिवर्तनमा धेरै समय लाग्ने गर्दछ।

**पर्यटन**

पर्यटन तथा टुरीजम् अलग अलग भाषाबाट ब्युत्पत्ति भएर बनेका एउटै अर्थ बोकेका शब्दहरू हुन् । पर्यटन शब्द संस्कृत भाषाको अटन भन्ने मूलबाट व्युत्पन्न भएर बनेको हो । त्यसैगरी अंग्रेजी भाषामा पर्यटनका लागी प्रयोग हुने टुरीजम् फ्रेन्च भाषाको टुरीज्मे शब्दबाट १९औ शताब्दीदेखि प्रचलनमा आएको भेटिन्छ (घिमिरे, २०२०,पृ.१) । साधारणतया मानिसहरु निश्चित उद्देश्य लिएर संसारका विभिन्न स्थानहरूमा भ्रमणका लागि जाने क्रियालाइ पर्यटन भनिन्छ । यसलाई अर्को अर्थमा भन्दा केहि समयका लागि आफ्नो बासस्थान र कार्यस्थलभन्दा टाढा कुनै उद्देश्य लिएर भ्रमणमा निस्कन्छ भने त्यसलाई नै पर्यटन भनिन्छ । *पर्यटन र पर्यटक शब्दको इतिहास धेरै पुरानो नभएता पनि यात्रा र भ्रमणको इतिहास भने मानव इतिहासको प्रारम्भिक चरणदेखि नै सुरु भएको हो* (घिमिरे, २०२०, पृ.८) । पूर्वीय सभ्यताको इतिहासको रुपमा उल्लेखित प्राचीनकालमा लिखित रामायण, महाभारत ग्रन्थहरुमा मनोरञ्जन र सिकारका लागि 'वनविहार' गरेका प्रशस्त कथाहरु भेटिन्छन् ।

पर्यटनलाई बेलायतको पर्यटन समाजले सन १९७६ मा *मानिसहरुको गन्तब्य स्थानमा हुने अस्थाइ तथा छोटो कृयाकलापहरु र विभिन्न कार्य तथा गतिविधिहरु सम्पन्न गर्दछन्* भनि परिभाषा दिएको पाईन्छ । यसैगरि United Nation World Tourism Organization ले सन् २००८ मा पर्यटनलाई *आफ्नो निवास स्थान वा कार्यस्थलबाट सामाजिक सांस्कृतिक र आर्थिक क्षेत्रसंग राख्ने कुनैपनि व्यक्तिगत वा अन्यकार्यको उदेश्य राखि नविन स्थानको यात्रा गर्नुनै पर्यटन हो र पर्यटनका लागि निस्कने व्यक्तिलाई पर्यटक भनिन्छ* भनेर परिभाषित गरेको छ । पर्यटनलाई बुझ्नका लागि *Tourism the act and process of spending time away from home in pursuit of recreation relaxation and pleasure, while making use of commercial provision. As such, tourism is a product of modern social arrangements* (Walton,2020, p. 209).समाजको विकासक्रमसँगै पर्यटन क्षेत्रको औद्योगिक विकास र विस्तारको क्रम पनि द्रुत गतिमा अघि बढिरहेको पाईन्छ । त्यसैले पर्यटनको परिभाषामा पनि समय अनुरुप परिर्वतन भईरहेको देखिन्छ । *प्राचीनसमयबाट नै सामर्थ्यवान थोरै व्यक्तिहरुले नविन अनुभुतिका साथ छुट्टीको समय बिताउनका लागि गर्ने यात्रामा मनोरञ्जनको लागि धेरै मानिसहरुद्वारा व्यवस्था गर्ने गरिन्थ्यो । त्यस समयमा केवल महाराजाहरु र उच्च घरानाका सिमित मानिसहरु मात्र पर्यटनका लागि सामर्थ्य राख्दथे। १७औं शताब्दीमा रोमका उच्च घरानाका युवा वर्गलाई युरोपको बृहत भ्रमणका लागि प्रेरित गर्ने गरेको इतिहास पाइन्छ भने मध्ययुगीन समाजहरुले चर्चका कथाहरु सुनाउने र अन्य साहित्यका लागि तिर्थ यात्रा गर्न प्रेरित गरिएको पाइन्छ* (Westcott, 2015) ।

समग्रमा भन्दा आफ्नो वासस्थान र दैनिक कृयाकलापबाट अलग रहि कुनैपनि उदेश्यका साथ गरिने भ्रमण र त्यस अवधिमा गरिने विभिन्न कृयालापहरुलाई पर्यटन भनिन्छ र पर्यटनका लागि जाने मानिसलाई पर्यटक भनिन्छ । आधुनिक युगमा पर्यटनको व्यापकतालाई मध्यनजर गर्दै पर्यटकहरुको आनन्द प्राप्तिका लागि सशुल्क विभिन्न कृयाकलापहरु गरिने गरिन्छ । पर्यटकहरुबाट लिइने शुल्कबाट पर्यटकीय क्रियाकलापहरू हुने स्थानको समुचित व्यवस्थापन गर्ने गरिन्छ । नेपालमा आन्तरिक एवम् बाह्य पर्यटकहरूको उद्देश्य पूर्ति गर्ने विभिन्न पर्यटकीय स्थलहरू रहेका छन् । नेपालमा पर्यटकहरू आकर्षण गर्ने क्षेत्रहरूका उदाहरणका रुपमा जङ्गल भ्रमण, पैदल यात्रा, हात्ती पोलो, हिमाल आरोहण आदि पर्दछन् । उल्लेख गरिएका विभिन्न उद्देश्य पूर्तिका लागि नेपालका विभिन्न भागमा पुग्ने आन्तरिक एवम् बाह्य पर्यटकका लागि सेवा एवम् सुविधा उपलब्ध गराउने कार्यलाई उद्योगका रुपमा पनि अँगाल्ने गरिएको पाइन्छ ।

**सांस्कृतिक पर्यटन**


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

अलग भुगोलमा बसोवास गर्ने भिन्न समुदाय वा जातीका स्थानिय मानिसहरुको जीवनशैली, उनीहरुको धार्मिक, सांस्कृतिक तथा जातीय इतिहास र मौलिक कलाको नविन अनुभूति प्राप्त गर्ने उद्देश्य राखेर गरिने भ्रमणलाई सांस्कृतिक पर्यटन भनिन्छ । सांस्कृतिक पर्यटन एउटा यस्तो विषय हो, जसको सम्बन्ध राष्ट्र, क्षेत्र र संस्कृतिसँग गाँसिएको हुन्छ ।

सांस्कृतिक पर्यटनका बारेमा Lord consultancy ले "*Visits by persons from outside the host community motivated wholly or in part by interest in the historical artistic, scientific or community region, group or institution* (Greg, 2003) व्यक्त गरेका छन् । त्यस्तै United Nation World Tourism Organization ले सांस्कृतिक पर्यटनलाई *cultural tourism is movements of persons for essentially cultural tours travel to festivals and other cultural events visits to sites a monuments travel to study nature folklore or art and pilgrimages*.भनेर परिभाषित गरेका छन् । यसैगरी नेपालका विद्वान्का अनुसार *संस्कृति नीति अनुसार वर्तमान नेपालको सीमा भित्र इतिहासका विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानव समुदायहरुले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभन्नि जाति एवम् समुदायका पूर्खाहरुले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लगाएर गएका भौतिक अभौतिक सम्पदाहरु र त्यस अनुरुपको जीवनशैलीको समष्टिगत रुप नै नेपालको राष्टिय संस्कृति हो । यिनै राष्टिय सम्पदाको दिगो वैज्ञानिक व्यापारीकरण नै सांस्कृतिक पर्यटन हो* (बडाल, २०२२, पृ. २) भनेका छन् । सांस्कृतिक पर्यटनका बारेमा विभिन्न विद्वान्हरूको विचारको अध्ययन पश्चात् स्थानिय सांस्कृतिक विषयबस्तु हेर्न, बुझ्न र अध्ययन-अनुसन्धान गर्न व्यवस्थित गरिएको पर्यटन नै सांस्कृतिक पर्यटन हो भन्ने स्पष्ट हुने गर्दछ ।

**सङ्गीत र सांस्कृतिक पर्यटनको अन्तर्सम्बन्ध**

संस्कृतिको विविधतामा पनि सङ्गीतको महत्वपूर्ण योगदान रहिआएको पाइन्छ (जौहरी,सन् २००३,पृ.२७) । कुनैपनि धार्मिक संस्कृतिमा उपयोग गरिने कला मानिसहरुको बसोबास गर्ने स्थान अथवा भुगोल, जीवन शैली र अनुरुप निर्धारित भएको पाइन्छ । नेपालका हिन्दु, बौद्ध, इस्लाम, किरात आदी सबै धर्मावलम्वीहरुको जीवन पद्धतिमा जन्मदेखि मृत्यु सम्मका अनेक संस्कारमा धार्मिक मान्यता तथा संस्कार अनुसार सङ्गीतको प्रयोग भएको पाइन्छ । मन्दिर,मस्जिद, गुम्बामा प्रयोग हुने सङ्गीतले हिन्दु, इस्लाम तथा बौद्ध संस्कृतिको परिचय र शैलीको जानकारी प्रदान गर्दछ (चौवे, सन्, २००५) । यस उपरान्त एउटै धर्ममा आधारित भएपनि जाती तथा भुगोल अनुरुप सङ्गीत प्रयोगको विविधताले हरेक संस्कृतिलाई एक अर्कामा भिन्न परिचय दिईरहेको हुन्छ । जस्तैः चण्डी नाचले राई जाती, धान नाचले लिम्बु जाती, सङ्गीनी गीतले क्षेत्री वाहुनहरु तथा सन्थाल नृत्यले सन्थाल जातीहरुको संस्कृतिलाई उजागर गर्दछ । धान नाच लिम्बु संस्कृति भित्रको एउट सांगीतिक कला हो । धान नाचबाट लिम्बु संस्कृतिको झलक पाउन सकिन्छ । तर धान नाचबाट गीतको धुन, च्याब्रुङको ताल र नृत्यलाई हटाई दिने हो भने केवल शब्द र ब्यक्तिले मात्र धाननाच नाच्नु असम्भव छ भने यसले संस्कृतिको परिचय पनि दिन सक्दैन । धाननाच भन्ने संस्कारका लागि गीतको धुन, च्याब्रुङको ताल र नृत्य अनिवार्य छ । धान नाचमा गायन, वादन र नृत्यको मिश्रित स्वरुपमा सङ्गीतको परिभाषापनि पूर्ण रुपमा लागू भएको पाईन्छ । धान नाचलाई सङ्गीत विना जिवित राख्न असम्भव भए जस्तै हरेक जात जातिको संस्कृतिलाई पनि सङ्गीत विना जिवन्तता प्रदान गर्नु असम्भव छ । यसैले मौलिक संस्कृतिको जिवन्तताको आधारनै सङ्गीत हो भन्ने कुरा हामीले बुझ्नुजरुरी हुन्छ भने यसबाट हामीले संस्कृति र सङ्गीतको महत्वपुर्ण अन्तर्सम्बन्धलाई पनि सजीलै बुझ्न सकिन्छ ।

सङ्गीतले प्रत्येक भिन्न भुगोल, जात-जाती र उनीहरुको संस्कृति र परम्पराको पहिचान बोकेको हुन्छ । त्यसैले सङ्गीत एउटै भए पनि अलग भुगोल, समुदाय र संस्कृति अनुरुप अनेक रुपमा बदलिन सक्छ । त्यसकारण भिन्न भुगोल र त्यहाँ बसोबास गर्ने समुदाय तथा जातीहरुको भिन्न पारम्परिक संस्कार अनुरुप प्रयोग गरिने सङ्गीत पर्यटकहरूका लागि आकर्षण गर्नमा महत्वपूर्ण अवयवका रुपमा उपयोग गर्न सकिन्छ । नेपालका विभिन्न स्थानहरूमा अलग जात–जातीका संस्कृति, परम्परा अनुरुपका नृत्य एवम् जात्राहरू हुँदै आएका देख्न सकिन्छ । यस्ता सांस्कृतिक सम्पदाहरूको


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

प्रदर्शनका क्रममा सङ्गीतको पनि प्रयोग हुने गर्दछ । यस प्रकारका कार्यक्रमहरूमा प्रयोग हुने मौलिक बाजा तथा वादन शैलीबाट उत्पन्न हुने प्रभाव पर्यटकका लागी नविन अनुभूति हुने गर्दछ । नेपालका विभिन्न स्थानमा रहेका यस प्रकारका संस्कृतिक सम्पदा तथा त्यसमा प्रयोग हुने सङ्गीत पर्यटकहरूको आकर्षणका लागि अनन्त सम्भावनाको अवसर सृर्जना गर्नमा सामर्थ्य राख्दछ । पर्यटकीय स्थानहरूमा सङ्गीत र पर्यटन वृद्धि गर्ने उद्देश्य राखेर कार्य गर्ने व्यक्ति वा समूहहरूको सहकार्यबाट पर्यटनले व्यावसायिक रुप लिएको उदाहरण पाइन्छ । फ्रान्समा सन् १९५० मा बृहद् सङ्गीत सम्मेलनमा स्थानीय फ्लामेन्को र विश्वप्रसिद्ध सङ्गीतलाइ अन्य कलाहरु प्रस्तुत गरिएको थियो । जसका कारण फ्रान्समा पर्यटनको व्यवसायिक सुरुवातका भएको थियो । यस सम्मेलनबाट दर्शकहरुले अलग स्थानको भ्रमण र नवीन कलाहरुको प्रत्यक्ष अनुभूतिबाट अझ बढी आनन्द प्राप्त गर्न सक्ने रहेछन् भन्ने अवधारणाको विकास भएर पर्यटनको व्यवसायिक सुरुवात भएको पाइन्छ (Krüger, 2019) । सङ्गीतको समन्वय विश्वका अन्य सङ्गीत शैलीहरूका साथमा भएका पर्यटनको अभिवृद्धि गर्नमा स्थानीय सङ्गीतको प्रयोग कारिगर अवयवका रुपमा हुने प्रमाणित हुनजान्छ ।

नेपाल एउटा सांस्कृतिक सम्पदाहरुले भरिपूर्ण देश हो । यहाको भौगोलिक विविधताका कारण यहाँ अलग भूगोलमा बस्ने समुदाय र अलग जात–जातीका अलग–अलग सांस्कृतिक सम्पदाहरु छन् । अलग–अलग सांस्कृतिक सम्पदाहरु रहेको यस राष्ट्रमा पर्यटनको अथाह सम्भावना रहेको छ । नेपालको पर्यटन क्षेत्रलाई विशेष गरि प्राकृतिक सुन्दरता, विश्व सम्पदा सुचिमा परेका धरोहर क्षेत्र र सहासिक खेलको आधारमा मात्र प्रवर्द्धन गर्ने गरिएको पाइन्छ । नेपालमा पर्यटनलाई दिर्घकालिन उद्योगका रुपमा अवलम्वन गर्ने नीति लिइएको भएता पनि पर्यटन क्षेत्रको विकासमा सङ्गीतको भूमिका विषयमा लागि औपचारिकरुपमा कम अध्ययन अनुसन्धान भएको पाइन्छ ।  नेपालका सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्धन गर्दै त्यसको मौलिकतामा आँच नआउने गरी सांस्कृतिक पर्यटनको स्वरुपमा व्यवस्थित प्रवर्द्धनगर्न सकेमाहाम्रो देश विश्वकै एउटा राम्रो पर्यटकीय गन्तब्य बन्न सक्ने देखिन्छ । नेपालमा पनि सांस्कृतिक पर्यटनका लागि सन २०११ मा होमस्टे तथा कला गाँउको योजना अगाडी बढाइएको थियो । उचित कार्यान्वयनको अभावमा त्यसको सकारात्मक प्रभाव जति हुनुपर्थ्यो त्यति भएको पाइदैन । नेपालमा पनि आयोजना हुने सङ्गीत सम्मेलनमा यस प्रकारको प्रयोग गर्न सकिएको खण्डमा सङ्गीत र पर्यटनको सहकार्य गर्ने अवस्था सिर्जना हुनसक्ने सम्भावना प्रवल देखिन्छ ।

पर्यटनको मेरुदण्डका रुपमा रहेको पर्यटकको उपस्थिति बिना पर्यटन सम्भव हुदैन । पर्यटक हरेक पटक नविन अनुभूतिको खोजीमा रहन्छ । प्रत्येक पर्यटनमा नवीन अनुभूतिको रसास्वादनका लागि हरेक पर्यटक नविन अनुभव उपलब्धताको आधारमा नै पर्यटकीय स्थानको छनौट गर्ने गर्दछ । पर्यटनका अवसरमा पर्यटक आनन्द प्राप्तिका लागि पर्यटकीय स्थलमा नविन स्वाद उपलब्ध गराउने तत्वहरूको खोजीमा रहेको हुन्छ । पर्यटकलाई आकर्षित गर्न भिन्न भूगोलको प्राकृतिक सुन्दरता, सामाजिक रहनसहन र भिन्न भूगोलको सांस्कृतिक परम्परा भित्रका कलाहरु ( सङ्गीत, वास्तु, पाक, भेषभूषा, श्रृङ्गार, मुर्ती, चित्र) ले प्रमुख भूमिका खेल्ने गर्दछ । नेपालका विभिन्न भागहरूमा यस प्रकारका नौलो स्वाद उपलब्ध गराउने विभिन्न अवयवहरूको उपलब्धता यथेष्ट पाइने गर्दछ । यस प्रकारका तत्वहरूका माध्यमबाट उपलब्ध हुने नविन स्वाद नै आन्तरिक तथा बाह्य पर्यटकका लागी पर्यटकीय स्थल बन्दछ । माथि उल्लेख गरिएका विभिन्न कलाहरूमध्ये पर्यटन क्षेत्रका लागि एकबाट अनेकतामा बदलिन सक्ने आकर्षक पर्यटकिय तत्व सङ्गीत कला हो भन्न सकिन्छ ।

*वास्तवमा भन्ने हो भने संस्कृतिको निरन्तरताको लागि कलाले प्रमुख भुमिका निभाएको हुन्छ, चाहे त्यो जुनसुकै कला होस् । संस्कृति हाम्रो शरीर हो भने कला त्यसको आत्मा हो । कला विना संस्कृति जिवित रहन सक्दैन* ( चौबे, सन् २००५) । नेपाल कला र संस्कृतिमा संसारकै धनि देशहरु माझ पनि परिचित छ, यहाँका हरेक जातजातिका आआफ्नै संस्कृति छन् ति सबै जातिका संस्कृतिमा नियालेर हेर्दा विना सङ्गीतको कुनै पनि संस्कृति नहुने स्पष्ट हुन्छ । सङ्गीत विना हरेक संस्कृति निरस हुन्छ । यसैलै चेतनशील प्राणी मानवले सङ्गीतलाई प्राचिनतम समयबाट नै आफ्नो जीवन पद्धतिको महत्वपूर्ण अंगको रुपमा अंगालेर आएको पाइन्छ । यस्तै गरेर नेपालका इन्द्र जात्रा, घोडे जात्रा, दशै,


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

तिहार आदि राष्ट्रीय पर्व र स्थानीय स्तरमा हुने जात्राहरुमा पनि सङ्गीतको प्रयोग देख्न सकिन्छ । जसले देशको सांस्कृतिक पहिचानलाई उजागर गर्ने गर्दछ । *समाजको गतिशीलता नै संस्कृति हो । हजारौ वर्षको अन्तराल पछि यो परम्परामा बद्लिदै संस्कृतिको रुप धारण गर्दछ । संस्कृतिलाई जिवन्त राख्नको लागि कलाले प्रमुख भुमिका निभाएको हुन्छ । कलाविना हाम्रो संस्कृति निरस हुन्छ जसले गर्दा संस्कृतिको निरन्तरता असम्भव हुन्छ । कला मध्ये पनि सङ्गीत कलामा यो प्रमुख रुपले लागु हुने गर्दछ* (चौवे, सन् २००५) । कुनै पनि देशको कला त्यस देशको आत्मा हुन्छ र संस्कृतिको झलक त्यहि कलामा स्पष्ट हुन्छ । कला संस्कृतिको काखमा जन्मन्छ, यसकै छायाँमा हुर्कन्छ, त्यसैले कलामा संस्कृतिको झलक पाइन्छ । कलामा संस्कृतिको स्वरुप देख्न सकिन्छ (जौहरी, सन् २००३, पृ.२८) ।

सँस्कृति र पर्यटनको परिभाषा तथा यसका बारेमा विभिन्न विद्वानहरूको भनाई एवम् अन्य तथ्यहरूको विश्लेषण पश्चात् यसको अन्तर्सम्बन्धका बारेमा बुझिसकेका छौ । पर्यटकले आफ्नो गन्तव्य स्थानको छनौट गर्दा नविन अनुभुतिको प्राप्त हुने अनुमानका आधारमा गर्दछ । त्यसकासाथै अन्य पर्यटकहरूले उक्त स्थानबाट प्राप्त गरेको अनुभव साटासाट पनि गन्तव्य चुनावका लागि महत्वपूर्ण भूमिकाका रुपमा रहने गर्दछ । त्यसैले पर्यटनका लागी पर्यटकले आफ्नो वासस्थान र दैनिक कार्यस्थलभन्दा परको भिन्न संस्कृति र भौगोलिक स्थानलाई गन्तव्य बनाउने गर्दछ । यसैगरी भिन्न भूगोल, समुदाय वा जाती वा उनिहरुको संस्कृतिसँग सम्बन्ध राख्ने पर्यटकका लागी अलग जाती, समुदाय वा भिन्न भूगोलको संस्कृति भित्र व्यवस्थित जिवन-यापनका लागी प्राचीन समयबाट प्रयोगमा ल्याईएका विविध कलाहरुको प्रत्यक्ष हुने नविन अनुभुतिपुर्ण अनेकौ कलायुक्त पर्यटकीय वस्तुहरु निर्माण हुने गर्दछ । यही मान्यतामा आधारित भएर विश्व पर्यटनले सांस्कृतिक पर्यटनलाई पर्यटन क्षेत्रको दिर्घकालिन आधारको रुपमा मानेको पाईन्छ । यसबाट पर्यटनकालागी संस्कृतिको महत्व स्पष्टसँग बुझ्न सकिन्छ । यसैगरी सांस्कृतिक पर्यटनको उत्तम व्यवस्थापन सहितको अवलम्वनले हाम्रा मौलिक संस्कृतिक कलाहरुले व्यावसायिक हुने मौका पाउने र यससँग सम्बन्धित व्यक्ति वा समुदायको आर्थिक अवस्थामा सुधार आउने देखिन्छ । यसरी कलाको माध्यमबाट उत्पन्न हुने रोजगारीका कारण यस प्रतिको आर्कषणमा बृद्दि हुनगई सांस्कृतिक निरन्तरतामा पनि ठुलो टेवा पुग्ने देखिन्छ । यसै कारण पर्यटन र संस्कृति एक अर्काको पुरकको रुपमा रहेका छन् भन्न सकिन्छ ।

२०औं शताब्दीको पूर्वाद्धबाट नै पर्यटनको दिर्घकालीनता र यसका आवश्यक नविन पर्यटकीय वस्तुका लागि सांस्कृतिक पर्यटन नै सबैभन्दा उपयुक्त हुने विश्लेषण रहेको पाइन्छ । यस क्षेत्रसंग सम्बन्धित विश्वका धेरै विदेशी संघ संस्थाहरुले अनुसंधान गरि यस विषयमा निर्ष्कष निकालेको पाईन्छ । सांस्कृतिक पर्यटनमा उपलब्ध हुने दिर्घकालीन प्रकृतिका विविध कलारुपि पर्यटकीय वस्तुको सहज उपलब्धताको कारणले समग्र पर्यटन क्षेत्रनै सांस्कृतिक पर्यटनतिर आकर्षित भएको देखिन्छ । *संस्कृति र सम्पदा पर्यटनका लागि सम्वेदनशील तत्वहरु हुन् । वर्तमान समयमा विश्व पर्यटन बजारको क्षेत्रलाई विस्तार गर्न सक्ने क्षमता भएका पर्यटनको महत्वपूर्ण प्रकारको रुपमा सांस्कृतिक पर्यटन र सम्पदा पर्यटनको विकास भइरहेको पाइन्छ* (Richard, 2007) ।

मानव संस्कृतिको उपजका रुपमा रहेको सांगितिक विधाहरू संस्कृतिका सौर्न्दय र मुल्य मान्यताका पोषित तत्व हुन् (Richard, 2007) । सांस्कृतिक पर्यटनमा मौलिक कलाहरुको महत्वपूर्ण भूमिका हुने गर्दछ । मौलिक कलामा संस्कृतिको जिवन्तता महसुस हुने भएका कारण संस्कृतिको निरन्तरताको लागी सङ्गीत कलाले पनि प्रमुख भूमिका खेल्ने गर्दछ । १९ औ शताब्दीको मध्ययुगीन अवधिमा फ्रान्सबाट पश्चिमी शास्त्रीय सङ्गीत र अन्य त्यहाँका स्थानिय सङ्गीतहरुको प्रत्यक्ष प्रर्दशन र मेलाको माध्यमबाट व्यावसायिक रुपमा सङ्गीत पर्यटनको सुरुवात भएको पाइन्छ । हाम्रो देशको सांस्कृतिक पर्यटनको विकासका लागि सङ्गीतका साथै अन्य सांस्कृतिक कलाहरुको संरक्षण, सम्वर्द्धन र यसको व्यावसायिक प्रवर्द्धनगर्न सकेमा सांस्कृतिक पर्यटनको विकासमा महत्वपूर्ण टेवा पुग्ने देखिन्छ । सङ्गीतको माध्यमबाट पर्यटनको उच्चतम विकास गरेका विश्वका विकसित देशहरुले मौलिक संस्कृतिका साथमा सङ्गीतको उपयोग गरेको


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

पाइन्छ। पर्यटकलाई आकर्षित गर्ने उद्देश्य राखी सङ्गीतको उपयोग गरेका राष्ट्रहरूले साँस्कृतिक पर्यटनको सुरुवात गर्दै यसलाई उद्योगको रुपमा अँगालेको देखिन्छ।

प्रस्तुत तथ्यहरुले सङ्गीत कसरी पर्यटकीय वस्तुमा परिणत हुन्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । यसैगरी कुनैपनि सङ्गीतलाई अन्य मौलिक कलाहरुको समन्वयका साथ प्रस्तुत गर्नाले त्यसको प्रभावकारितामा कसरी वृद्धि हुन्छ भन्ने तथ्य तत्कालिन समयमा फ्लामेन्को सङ्गीतले कमाएको चर्चाबाट स्पष्ट हुन्छ । यसको प्रस्तुतीमा स्थानीय रहनसहनका साथ समन्वय गरीएका पाककला, श्रृंगारकला र वास्तुकलाको समन्वयले पनि स्पष्ट पार्दछ । त्यसैगरी सङ्गीतको प्रयोगले अन्य कलाहरुको व्यावसायिकतामा कसरी सहयोग पुग्दछ भन्ने पनि स्पष्ट हुन्छ। नेपालका विविध संस्कृति भित्र अन्तर्निहित मौलिक कलाहरुको समन्वयका साथ गरीने सङ्गीतको प्रयोगबाट एकै स्थानमा विभिन्न प्रकारका धैरै पर्यटकीय वस्तुहरूको निर्माण गर्न सकिन्छ भन्ने देखिन्छ।

संसारका विभिन्न स्थानहरु निश्चित सङ्गीतसँग जोडिएका कारण पर्यटकहरूको आकर्षणको केन्द्रका रुपमा परिणत भएको पाइन्छ । जस्तै विटल्सको जन्म स्थान लिभरपुल, ब्लुजको जन्मस्थान कलिभल्याण्ड तथा एल्विस मेम्फिसको घर ग्रेसल्याड, ज्याजको शहरको रुपमा प्रेस्ली यसका उदाहरणहरूका रुपमा उल्लेख गर्न सकिन्छ (Bridge, 2019) । यसैगरी संसारका विकसित राष्ट्रहरुले ठुला सङ्गीत उत्सव, सङ्गीत संग्रहालयहरुको माध्ययमबाट विशेष स्थान वा सांस्कृतिक शहरको रुपमा परिणत गर्न थालेका पाइन्छन् । सन् २०१९को एक तथ्यांक अनुसार लिभरपुलले वार्षिक रुपमा भित्र्याउने ५४.५ मिलियन पर्यटकहरूमध्ये २० मिलियनभन्दा धेरै पर्यटकहरू सङ्गीतको लागि आउने गर्दछन् (Bridge, 2019)। यसैगरी अष्ट्रेलियामा अर्थतन्त्र पतनका कारण दुस्चक्रमा फसेका केहि दुर्गम क्षेत्रहरुको छविलाई पुनर्जागरण गर्नका लागि सङ्गीत महोत्सवलाई मुख्य माध्यमका रुपमा प्रयोग गरिएको भेटिन्छ।

वर्तमान समयमा भारतमा पनि सांस्कृतिक एवम् सङ्गीतको माध्यमबाट पर्यटकहरु आकर्षित भएको पाइन्छ । भारतको बनारसमा हरेकवर्ष आयोजना हुने सङ्कटमोचन, अन्धमहाविद्यालय सङ्गीत समारोह, गंगा, एवम् दुर्गा महोत्सव तथा ध्रुपद मेला आदि विश्व प्रसिद्ध सङ्गीत महोत्सव हुन् । त्यसैगरी शास्त्रीय शैलीको सङ्गीत श्रवणका लागि सुबह-ए बनारस तथा भक्ति सङ्गीत श्रवणका लागि गंगा आरती विश्वका पर्यटकहरूका लागि आकर्षणको अर्को केन्द्रविन्दु बनेको छ । त्यसैगरी वसन्त ऋतुको स्वागतमा आयोजना गरिने गुलाववाडी सङ्गीत जलसा आफैँमा उदाहरणीय साङ्गीतिक कार्यक्रम हो । उक्त कार्यक्रममा भाग लिने कलाकार एवम् श्रोताहरूले अनिवार्य रुपमा गुलाबी भेषभुषामा उपस्थित हुनुपर्ने प्रचलन, सो जलसालाई अझ खास बनाउन सफल भएको पाइन्छ । यस प्रकारका सङ्गीत समारोहहरूमा आन्तरिक एवम् बाह्य पर्यटकहरू प्रसस्त संख्यामा रहेका हुने गर्दछन् । भारतका अधिकाँस स्थानहरुमा हुने सङ्गीत समारोहहरुबाट भारतीय सँस्कृति एवम् पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुगेको देख्न सकिन्छ। जसबाट भारतीय सङ्गीत संस्कृति विश्वका अनेक स्थानमा पुग्न सफल भएको पाइन्छ । त्यस किसिमका सङ्गीत समारोहहरूको आयोजनाबाट अनेक किसिमका रोजगारीको अवसर पनि सिर्जना भएको पाइन्छ।

भारतको बनारसमा मात्र नभई अन्य स्थानहरूमा पनि प्रत्येक वर्ष सङ्गीत सम्मेलनहरूको आयोजना गरिएको पाइन्छ। यस प्रकारका सङ्गीत सम्मेलनहरूमा लोक, सुफि, शास्त्रीय, ज्याज, ब्लुज, रक र फ्युजन सङ्गीत प्रस्तुति हुने गर्दछ । ग्वालियरमा आयोजना गरिने तानसेन सङ्गीत समारोह, सप्तक सङ्गीत समारोह, अहमदावाद, हरबल्लभ सङ्गीत सम्मेलन, जालन्धर, हर्नविल सङ्गीत महोत्सव नागाल्याण्ड जस्ता सङ्गीत सम्मेलनहरूमा उल्लेख्य रुपमा बाह्य एवम् आन्तरिक पर्यटकहरुको सहभागिता रहेको पाइन्छ। कश्मीर एवम् अरुणाञ्चल प्रदेशमा आयोजना हुने गुलमर्ग विन्टर फेष्टिभल, जीरो म्युजिक फेष्टिभल, पर्यटन प्रवर्धनका लागी मौलिक खाने कुराहरूका साथमा विभिन्न सङ्गीत शैलीहरू पनि प्रस्तुत गरिन्छ । हिँउ माथी आयोजना गर्ने यस प्रकारका सङ्गीत समारोहहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको उल्लेख्य सहभागिता भएको पाइन्छ। त्यसैगरी होलीका अवसरमा दिल्लीमा आयोजना गरिने होलीकाउ

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

सङ्गीत महोसव, सरद पूर्णीमाका अवसरमा आयोजना गरिने जोधपुर रिफ म्युजिक फेष्टिभल आदिबाट सङ्गीत तथा संस्कृतिको विकास एवम् सांस्कृतिक पर्यटनको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका रहेको पाइन्छ । सांस्कृतिक पर्यटनका आकर्षणहरु कला, संस्कृति र धर्म आदि सबैमा सङ्गीत कलाले प्रमुख भूमिका खेलेको पाइन्छ ।

यस अध्ययनबाट के निचोड निस्कन्छ भने सङ्गीतका साथै अन्य कलाहरुलाई आकर्षण युक्त पर्यटकीय वस्तुमा रुपान्तरण गरेर पर्यटकको आगमन संख्यामा उल्लेख्य वृद्धि गर्न सकिन्छ । सांस्कृतिक परम्परामा आधारित अन्य कलाहरुको समन्वयका साथ गरिने सङ्गीतको प्रभावकारी प्रस्तुतिले एकैसाथ विविध प्रकारका पर्यटकिय वस्तुहरुको निर्माण हुन्छन् । जो पर्यटकलाई अझ वढि आकर्षित गर्न सक्षम् हुन्छन् । यसका लागी सांगितिक, सांस्कृतिक र अन्य प्रकारका पर्यटनको सम्भावना बोकेका तथा पर्यटकको आसान पहुचमा रहेका सम्भावित् स्थानहरुको खोजी तथा सम्भावित क्षेत्रमा मौलिक स्वरुपका आवश्यक पर्यटकीय पूर्वाधारको आवश्यकता पर्दछ । मौलिक खाने कुराहरूको उत्पादन कृषिबाट सुरु भएर कसरी भान्छा घरसम्म पुग्छ ? मौलिक औजारहरुको प्रयोग कसरी भएको छ? भन्ने जानकारी प्रदान गर्दै नेपालका जातजाती, धर्म सम्प्रदायका चाडपर्व तथा कलाहरूका साथमा सङ्गीतको प्रयोग गर्दै ठुलो उत्सवको आयोजना गर्नु पर्दछ । यस किसिमका उत्सवहरूमा सबै प्रकारका मौलिक, परम्परगत, सांस्कृतिक तथा अन्य कलाहरुको राष्ट्रीय एवम् अन्तर्राष्ट्रीय प्रतिस्पर्धा तथा सम्मेलनहरुको आयोजना गर्न सकिन्छ । नेपालमा परम्परागत सङ्गीत चिकित्सा तथा आयुर्वेद पद्धतीबाट औषधी-उपचारको व्यवस्थाका साथमा योग तथा ध्यान केन्द्रको स्थापना गर्नु पर्दछ । जहाँ परम्परागत पाक कलाको प्रर्दशन तथा अर्गानिक खानेकुराहरुको मात्र प्रयोग गर्नु पर्दछ । यसैगरी ब्यवस्थित तवरमा राष्ट्रीय तथा अन्तर्राष्ट्रीय स्तरमा सङ्गीत तथा अन्य कलाहरुको प्रतियोगिता तथा सम्मेलनहरुको आयोजना गर्नु पर्दछ । यसैगरी वर्तमानमा नेपालमा प्रचलनमा रहेका विभन्नि पर्यटनका प्रकारहरुलाई पनि सम्भव भएसम्म सांस्कृतिक आवरण भित्र ल्याउन सके यसको प्रभावकारीता अझ बढ्ने देखिन्छ । नेपालका सांस्कृतिक कलाहरुको व्यावसायीक व्यवस्थापन र प्रचारप्रसार गर्दै सांस्कृतिक पर्यटनको सही अवलम्वन गर्नाले पर्यटकको आगमनमा बृद्धि भई पर्यटन क्षेत्रको दिर्घकालिन विकास सम्भव छ भन्ने अध्यनबाट स्पष्ट देखिन्छ ।

यस प्रकारका सांस्कृतिक केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन सङ्गीत, पर्यटन र संस्कृतिमा उच्च अध्यन गरेका दक्ष जनशक्तिबाट गर्नु महत्वपूर्ण हुन्छ । सांस्कृतिक केन्द्रको अवधारणा अनुरुप संचालनका लागी कला, पर्यटन र संस्कृतिलाई बुझेका दक्ष जनशक्तिको आवश्यकता पर्दछ । अर्कोतिर ललितकला, संस्कृति र पर्यटन विषयमा उच्च शिक्ष हासिल गरेका योग्य उमेद्वारका लागी ठुलो मात्रामा रोजगारीको अवसर सृजना हुनेछ । यसैगरी रोजगारीका अभावमा विदेशिन बाध्य हजारौ युवाहरुका लागीपनि रोजगारीको सृजना हुनेछ । यस प्रकारको पर्यटनको अवलम्वनले कृषि क्षेत्रमा लाग्न प्रेरित गर्नुका साथै खाद्यान्नमा आत्मनिर्भर बन्न पनि ठुलो टेवा पुग्ने देखिन्छ ।  नेपाली परम्परा र संस्कृतिको निरन्तरताका लागी यसले महत्वपुर्ण भुमिका खेल्नेछ । हाम्रा मौलिक तथा परम्परागत संस्कृति माथि आधारित भएर स्थानीय परिवेसमा सांस्कृतिक केन्द्रको अवधारणा अनुरुप अवलम्बन गरिने सांस्कृतिक पर्यटन देशको सांस्कृतिक, सामाजिक तथा आर्थिक क्षेत्रको दिगो विकासका लागी धेरै उपयोगी हुनेछ । यसबाट स्थानिय स्तरमा रोजगारीको अवसर, आर्थिक उन्नति, सांस्कृतिक निरन्तरता, सामाजिक एकता, सङ्गीत सहित अन्य कलाको विकासमा प्रत्यक्ष रुपमा अर्थपूर्ण परिवर्तन सम्भव देखिन्छ । यस प्रकारबाट नेपालको पर्यटन विकासमा सांस्कृतिक पर्यटनको अवलम्वनले ठुलो योगदान पुग्ने छ तथ्य यस अनुसन्धानबाट स्पष्ट देख्न सकिन्छ ।

**निष्कर्ष:**

मौलिक सांस्कृतिक कलाहरुको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गर्दै, विविध कलाहरुको समन्वयमा संस्कृति अनुरुप गरिने सङ्गीतको प्रभावकारी प्रयोगबाट प्रशस्त मात्रामा पर्यटकीय वस्तुहरुको निर्माण गर्न सकिन्छ । दिर्घकालिन, सांस्कृतिक पहिचान बोकेका र पर्यटकलाई आकर्षित गर्न सक्षम हुने भएकाले यसबाट पर्यटकको आगमनमा उल्लेख्य वृद्धि हुनेछ । यसरी संस्कृतिलाई आधार बनाएर अवलम्बन गरिने सांस्कृतिक पर्यटन प्राकृतिक, उत्पादन मुलक र


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

आत्मनिर्भर प्रकृतिको हुन्छ भने यसबाट स्वतः रुपमा हाम्रा सबै सांस्कृतिक सभ्यताको संरक्षण हुनेछ । जुन २१औं शताब्दीमा नेपाली संस्कृतिको जिवन्त संग्रालयको रुपमा संसारका पर्यटकलाई आर्कषित गर्न सफल हुनेछ । यसरी कला, संस्कृति र पर्यटनको अन्तर सम्बन्धलाइ बुझेर अवलम्वन गरीने सांस्कृतिक पर्यटनबाट हाम्रो देशको सांस्कृतिक, आर्थिक र सामाजिक क्षेत्रमा अर्थपूर्ण परिवर्तन सहितको पर्यटन क्षेत्रको विकास सम्भव छ ।

**सन्दर्भसूची:**

Al-Ababneh, M. (2012). *Tourism, Festivals and Cultural Events*

Krüger Bridge S. (2019). Tourism and Music Sturman JL. SAGE International Encyclopedia of *in Times of Crisis.* Frederiksberg Bogtrykkeri. Denmark.

Brett L., Karl S.& Phill L. (2014). Introduction to the special issue: Music and tourism. *Leeds Metropolitan University*, 14(1), 3-9.

Gibson, C.& John C. (2005). *Music and tourism: On the road again*. Clevedon: Channel View Publications.

McKercher, B. & Du Cros, H. (2002*). Cultural tourism: the partnership between tourism and cultural heritage management*. Haworth Press, New York.

Rashid F. (2001). *Journal of Travel Research*, Vol. 40, Sage Publications, University of Colorado at Boulder.

Regmi. D. C. (2015). Nepalese music instruments and mourning rituals: from permission to proscription. *The Journal of University Grants Commission*, 4(1).

Richards, G. (2003). What is cultural tourism? *Van Maaren, A. (ed.) Erfgoed voor Toerisme*. National Contact Monumenten.

Richards, G. (2008).From cultural tourism to creative tourism.*Atlas*, Netherland.

State, F. D. (n.d.). *Arts & culture.*United Nation World Tourism Organization.United State.

Walton JohnK.(2021, September 28*). Tourism.*Encyclopedia Britannica.Spain.

चौबे, सुशील कुमार(२००५). *हमारा आधुनिक सङ्गीत,* लखनऊः उत्तर प्रदेश हिन्दी संस्थान ।

जौहरी, सीमा (२००३). *सङ्गीतायन,* नई दिल्लीः राधा पब्लिकेशन्स ।

दाहाल, पेशल (२०५४). *नेपालको इतिहास र संस्कृति,* काठमाडौंः एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स।

तिवारी, शोभा (२०६९). *लोकसङ्गीतार्पण,* ललितपुरः साझा प्रकाशन ।



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np